राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ८९/२०७२/०७३

निर्णय नं. ६६१

कात्यानी चोक पुरानो बानेश्वर काठमाडौंका विनोद प्रसाद थपलिया समेत २ जना ...................१ निवेदक

विरूद्ध

प्रमुख, साल्ट ट्रेडिङ्ग लिमिटेडको कार्यालय, कालिमाटी काठमाडौं ...................१ विपक्षी

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

कात्यानी चोक पुरानो बानेश्वर काठमाडौंका विनोद प्रसाद थपलिया समेतले साल्ट ट्रेडिङ्ग लिमिटेडको कार्यालय, कालिमाटी काठमाडौ समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।०९।२५ मा पुनरावेदन गरेको । सो सम्बन्धमा आयोगको मिति २०७१।०२।२२ को आदेश बमोजिम साल्ट ट्रेडिङ्ग लिमिटेडको कार्यालय, कालिमाटी काठमाडौलाई मिति २०७१।०२।२२, च.न ४३१ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । साथै पटक पटक तर-ताकेता समेत भएको । तत् पश्चात उक्त साल्ट ट्रेडिङ्ग लिमिटेडको कार्यालय, कालिमाटी काठमाडौको मिति २०७२।०४।११, च.नं.२०७२/०७३, को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई समेत जानकारी गराएको तथा पुनरावेदकले मिति २०७२।०५।२९ को निवेदन मार्फत् माग बमोजिमको सूचना पाए भन्ने जानकारी दिएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।